# लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

**व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालनार्थ सेवा खरिद गर्ने कार्यको**
**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।**

(दोश्रो पटक प्रकाशन मिति : २०७७/१२/३०
Contract :- (NP-DOCR-184870-NC-RFQ)

नेपाल सरकार, गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्रानुसार व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद) र सामाजिक सुरक्षा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न व्यक्तिगत घटना दर्ता शिविर संञ्चालन गर्नु पर्ने भएको र सो कार्यको लागि परामर्श सेवा खरिद गर्न यस अघि मिति २०७७।१२।१३ गते सूचना प्रकाशन गरिएकोमा उल्लेखित समयावधिभित्र पर्याप्त दरभाउपत्र दर्ता हुन नआएकोले उल्लेखित कार्यको लागि ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था र कम्पनिहरूले सुचना प्रकासित भएको मितिले ७औं दिनको कार्यालय समय भित्र देहायका आवश्यक कागजातहरू सहित यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गरि ८ औं दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरू :**

१. यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र माथिको कार्यको लागि इजाजत प्राप्त भई नविकरण भएको इच्छुक फर्म, कम्पनी, सप्लार्यस वा निजको प्रतिनिधिले निवेदनका साथ आयकर दर्ता प्रमाणपत्र आ.व. ०७६/०७७ सम्मको कर चुक्ता प्रमाण-पत्र र मुल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, आवश्यक जनशक्ति तथा उपकरण विवरण साथै राखी तर्पासिलमा उल्लेखित शिलबन्दी दरभाउपत्र दस्तुर पछि फिर्ता नहुने गरि यस कार्यालयको राजश्व शाखामा दाखिला गरि दरभाउ-पत्र फारम खरिद गर्नु पर्ने छ ।

२. खरिद भएको दरभाउपत्रको हकमा सुचना प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ र सोही दिनको ०२:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा दर्ता हुन आएका दरभाउ-पत्रहरू खोलिनेछ ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. धरौटी बापतको रकम लालबन्दी नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक, शाखा लालबन्दीमा रहेको **धरौटी खाता** नं.१२८०१००३०३०००००२ मा नगदै वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ९० दिनको बैंक जमानत सिलवन्दी दरभाऊपत्र साथ पेश गर्नुपर्नेछ ।

५. दरभाउपत्रमा आइटम वाइज अंक र अक्षरमा दर-रेट र जम्मा रकम स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखिएको तथा सिलबन्दी भइ नआएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

७. दरभाउपत्रदाताले आफनो दरभाउपत्रका साथ दरभाउपत्र सम्बन्धी कारवाहिमा निजी स्वार्थ नबाजिएको र सो सम्बन्धी कसुरमा कारवाही नरहेको स्वःघोषणा अनिवार्य रूपमा पेश गनुपर्नेछ।

८. दरभाउपत्रदाताबाट पेश भएको दरभाउपत्रमा उल्लेखित विवरण मध्ये पुर्ण वा आसिंक रूपमा कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनि खरिद नियमावली, २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. एक वडामा कम्तीमा २ दर्ता स्टेशन ३ दिनको लागि राख्नुपर्ने छ ।

**नोट** : शिविर सञ्चालनमा गर्नुपर्ने कार्य विवरण TOR (Terms of Reference) र अन्य शर्तहरू यस नगरपालिकाबाट खरिद गरिने दरभाउपत्रका साथ उपलब्ध गराईने छ ।

| क्र.स. | दरभाउपत्र नं. | कार्यको विवरण | लागत अनुमान | धरौटी रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | (NP-DOCR-184870-NC-RFQ) | व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संञ्चालन | १८,३९,०००/- | ४६,०००/- | रू.१,०००/- |

नि.प्रमुख प्रशासकीय अधिकृत